# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, पुस१७ गते २०५३साल (अतिरिक्ताङ्क५१ (क)

## भाग ३

### श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सन् १९९७ को लागि संयुक्त राज्य अमेरिका र क्यानाडामा निर्यात हुने तयारी पोशाक तथा संयुक्त राज्य अमेरिकामा निर्यात हुने शप टावेलको निर्यात कोटा देहायबमोजिम गर्ने गरी निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. तयारी पोशाक वा शप टावेल उद्योग वा व्यापारिक फर्महरूले निकासीका लागि प्राप्त गरेको भिसा परिमाण बिक्री वा हस्तान्तरण वा सट्टा पट्टा गर्न नपाउने ।

२. विदेशी क्रेताले खोल्ने प्रतीतपत्रमा तेश्रो व्यक्ति सम्झौता (**Third Party Negotiation**) गर्न नपाउने ।

३. नेपाली कपडा खरीद गरी वा बण्डेड वयर हाउसअन्तर्गत कपडा पैठारी गरी उत्पादित गरेको तयारी पोशाकका लागि मात्र भिसा उपलब्ध गराउने । नेपाली कपडा उद्योगले प्रयोग गरेको प्रमाणित गर्ने प्रक्रिया साविककै प्रक्रिया अनुसार घरेलु तथा शिल्पकला बिक्री भण्डारले गर्ने ।

४. कोटा लगाइएको सबै प्रकारको तयारी पोशाकको वर्गमा नेपाली कपडा प्रयोग गर्ने उद्योगहरूको लागि ५ प्रतिशत, अमेरिका । क्यानाडा बाहेक अन्य मुलुकहरूमा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने उद्योगको लागि ५ प्रतिशत र अमेरिका र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्यानाडामा नन्कोटाको तयारी पोशाक निर्यात गर्ने उद्योगका लागि ५ प्रतिशत, नेपाली कपडा प्रयोग गरी निर्यात गर्ने उद्योगका लागि २ प्रतिशत, नयाँ उद्योगको लागि ५ प्रतिशत, ट्रेडिङ्ग फर्महरूको लागि १ प्रतिशत र जगेडा १ प्रतिशत गरी २४ प्रतिशत छुट्याउने र बाँकी ७६ प्रतिशतको निकासी पहिलो प्राथमिकता (**First Come First Serve**)को आधारमा भिसा उपलब्ध गराउँदै जाने। यसरी छुट्याइएको २४ प्रतिशतमध्ये ट्रेडिङ्ग फर्महरूको लागि र जगेडाको लागि छुट्याइएको १।१ प्रतिशतबाट निकासी भई बाँकी रहन गएको परिमाण १ डिसेम्बर १९९७ देखि पहिलो प्राथमिकताको (**First Come First Serve**) आधारमा वितरण गर्ने। नेपाली कपडा प्रयोग गरी निकासी गर्ने, अमेरिका क्यानाडा बाहेक अन्य मुलुकहरूमा परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी निर्यात गर्ने र नयाँ उद्योगहरूको लागि राखिएको ५।५ र २ प्रतिशतबाट निकासी भई बाँकी रहन गएको परिमाण १ अक्टोबर १९९७ देखि पहिलो प्राथमिकताको आधारमा वितरण गर्ने।

५. गत वर्षको निर्यातको आधारमा नेपाली कपडा प्रयोग गरी निर्यात गर्ने उद्योगहरूको प्रोत्साहन स्वरूप छुट्याइएको ५ प्रतिशत कोटाबाट एक लाख डलर बराबरको परिवर्त्य विदेशी मुद्रामा निर्यात गर्ने उद्योगलाई बढीमा ३,००० थानका दरले थप भिसा दिने। यसरी वितरण गरी बाँकी रहन गएको परिमाण सेप्टेम्बर महिनाको अन्त्यसम्ममा कुनै उद्योगले नेपाली कपडा प्रयोग गरी निकासी गर्न चाहेमा पहिलो प्राथमिकताको आधारमा कोटा प्रदान गरिने छ। यदि नेपाली कपडा प्रयोग गर्ने उद्योगका लागि छुट्याइएको परिमाणले नपुगेमा स्वीग र क्यारीफर्वार्डबाट हुन आउने परिमाणको केही अंशसमेत नेपाली कपडा प्रयोग गरी निकासी गर्ने उद्योगको लागि वितरण गरिने छ।

६. गत वर्षको निर्यातको आधारमा अमेरिका। क्यानाडा बाहेक नन्कोटा मुलुकमा निर्यात गर्ने उद्योगहरूका लागि प्रोत्साहन स्वरूप छुट्याइएको ५ प्रतिशत कोटाबाट एक लाख डलर बराबरको पोशाक परिवर्त्य विदेशी मुद्रामा निर्यात गर्ने उद्योगलाई बढीमा २,००० थानका दरले थप भिसा दिने।

७. अमेरिका र क्यानाडामा नन्कोटाको तयारी पोशाक निर्यात गर्ने उद्योगका लागि छुट्याइएको ५ प्रतिशत कोटा परिमाण सन् १९९६ मा उक्त नन्कोटा निर्यात गर्ने उद्योगहरूलाई नन्कोटा वर्ग निर्यात गरेको मूल्यको अनुपातमा समानुपातिक (**Proportionatly**) वितरण गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. तयारी पोशाकको ३३६।६३६ वर्गका लागि एक पटकमा ५०० दर्जनसम्मको भिसा उपलब्ध गराउने र अन्य वर्गको पोशाकको लागि पहिलो प्राथमिकता (First Come First Serve) को आधारमा एक पटकमा २,००० दर्जन भन्दा बढीको भिसा दिइने छैन । यदि उक्त परिमाणभन्दा बढी भिसा आवश्यक परेमा समितिको निर्णयानुसार गठित उप-समितिले छानबिन गरी दिने ।

९. नेपालबाट संयुक्त राज्य अमेरिका निर्यात हुने शप टावेलको लागि माथि उल्लेखित दफा १ र २ को प्रावधानको अतिरिक्त निम्न शर्तहरू समेत कायम गरी कोटा वितरण गरिने छ:

(क) शप टावेल उद्योगको न्यूनतम १० थान विभिङ्ग मेशिन र आफ्नो घर वा भाडाको घरमा उद्योग सञ्चालन भएको हुनुपर्नेछ । कोटा वितरण गर्दा शप टावेल उद्योगको निरीक्षण गरी सो बमोजिम न्यूनतम आवश्यकता पूरा गर्ने उद्योगहरूलाई भिसा उपलब्ध गराउने ।

(ख) सन् १९९६ को जनवरीदेखि डिसेम्वरसम्म शप टावेल निकासी गरेको PPEX (Past Performance Export) को आधारमा कुल कोटाको ३४ प्रतिशत वितरण गर्ने ।

(ग) सन् १९९६ सम्ममा शप टावेल संयुक्त राज्य अमेरिका निर्यात गर्ने उद्योगहरूका लागि कुल कोटाको ५० प्रतिशत कोटा बराबरी परिमाणको दरले वितरण गर्ने ।

(घ) अमेरिका सरकारले प्रदान गरेको शप टावेलको कुल कोटामध्ये ट्रेडिङ्ग फर्महरूको लागि १ प्रतिशत, नयाँ उद्योगहरूको लागि ५ प्रतिशत र जगेडा १० प्रतिशत राखिने छ ।

(ङ) दफा क र ग बमोजिम उद्योगहरूको निरीक्षण गर्दा आवश्यक मेशिन र अन्य पूर्वाधार नभएको देखिएमा ती उद्योगलाई वितरण हुने कोटा रिजर्भमा राखी सो कोटाको वितरण प्रक्रिया सम्बन्धमा पछि पुनरावलोकन गरी समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(च) नयाँ उद्योगको लागि छुट्याइएको कोटा परिमाणबाट तोकिएको कोटा परिमाण बाँकी रहेसम्म एक पटकमा ६,००० के. जी. सम्म निर्यात गर्न पाउने गरी भिसा दिइनेछ ।

(छ) PPEX (Past Performance Export) वा दामासाहीको आधारमा कोटा प्राप्त गर्ने उद्योगको लागि एक पटकमा १३,००० के.जी. सम्मको भिसा प्रदान गरिने छ । यदि १३,००० के.जी. भन्दा बढीको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भिसा माग भएमा तयारी पोशाकका लागि माथि तोकिएको उप-समितिले छानबिन गरी दिइने छ। तर सोको अधिकतम परिमाण एक पटकमा २५,००० के जी. भन्दा बढी हुने छैन।

(ञ) PPEX (Past Performance Export) वा दामासाहीको आधारमा कोटा प्राप्त गर्ने उद्योगले आ-आफ्नो कोटाको ५० प्रतिशत परिमाण सन् १९९७ को जुन महिनाभित्र निर्यात गरी सक्नुपर्ने छ । उक्त अवधिमा तोकिएको परिमाण निर्यात नगर्ने उद्योगहरूको ५० प्रतिशतको बाँकी कोटा परिमाण रिजर्भमा राखिनेछ। तर कन्फर्मड प्रतीतपत्र ल्याई काम गरिएको प्रमाण पेश गरेमा माग बमोजिमको समयावधि दिइने छ। उक्त रिजर्भ परिमाण समितिद्वारा पुनरावलोकन गरी वितरण गरिने छ। त्यसै गरी सेप्टेम्बरको अन्त्यसम्ममा आफूले प्राप्त गरेको कुल कोटाको ७५ प्रतिशत निर्यात नगर्ने उद्योगहरूको बाँकी परिमाण रिजर्भमा राखी पुनरावलोकनको आधारमा समितिले निर्णय गरे अनुसार वितरण गरिने छ। यसरी बाँकी रहन गएको २५ प्रतिशत कोटा परिमाण अक्टोबरको अन्त्य सम्ममा निकासी गरी सक्नुपर्नेछ। माथि जे सुकै लेखिएको भए तापनि यदि कसैले कन्फर्मड प्रतीतपत्र पेश गरेमा माग बमोजिमको समय प्रदान गर्न सकिने छ।

(झ) जगेडामा राखिएको १० प्रतिशत ट्रेडिङ्ग फर्म र नयाँ उद्योगका लागि राखिएको क्रमशः ५ र ५ प्रतिशत कोटाबाट निकासी भै बाँकी रहन गएको परिमाण एवं PPEX (Past Performance Fxport) र दामासाहीले प्राप्त कोटाको ७५ प्रतिशत अक्टोबर महिनाको अन्त्य सम्म उपयोग नगर्ने र कन्फर्मड प्रतीतपत्र पेश नगर्ने उद्योगको बाँकी रहन गएको सबै परिमाण पनि नोभेम्बर १ देखि पहिलो प्राथमिकताको आधारमा वितरण गरिने छ।

१०. माथि जुनसुकै व्यहोरा लेखिएको भए तापनि तयारी पोशाकको कुनै वर्गमा र शप टावेलमा कुल कोटामध्येबाट ४५ प्रतिशत निर्यात भएपछि वा प्रथम ५ महिना समाप्त भएपछि (जुन पहिला आउँछ) सबै तयारी पोशाक र शप टावेलको निर्यात कोटा उपयोगको स्थितिबारे पुनरावलोकन गरिनेछ।

११ उपरोक्त व्यवस्था अनुसार कोटाको भिसा उपलब्ध गराउँदै जाने तर कोटा उपयोगको स्थितिबारे निरन्तर रूपमा अनुगमन गर्ने व्यवस्था अपनाउने र आवश्यकता अनुसार समय-समयमा पुनरावलोकन गर्ने।

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव

८९४



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।